# लोक सेवा आयोग

## राष्ट्रिय मानव अधिकार सेवा, अधिकृत तृतीय श्रेणी, प्रशासकीय अधिकृत / लेखा अधिकृत / मानव अधिकार अधिकृत वा सो सरह पदको खुला (संयुक्त) प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।०५।०३

समयः ३ घण्टा　　　　पत्रः प्रथम　　　　पूर्णाङ्कः- १००

विषयः Governance and Contemporary Issues

निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

### Section – A

1. सूचनाको हक (Right to information) र पारदर्शिता (Transparency) ले शासन व्यवस्थालाई सुदृढ तुल्याउन कसरी मद्दत पुऱ्याएको छ ? उदाहरणसहित उल्लेख गर्नुहोस् । 5
2. कानूनका स्रोतहरु (Sources of Law) उल्लेख गर्दै नेपालमा कानून निर्माण प्रकृया (Law Making Process) को विश्लेषण गर्नुहोस् । 4+6=10
3. नेपालको संविधानले परिकल्पना गरे बमोजिम संघीय शासन व्यवस्था (Federal Governance System) लाई सफलतापूर्वक कार्यान्वयन गरी दिगोपन हासिल गर्न देखिएका समस्याहरु औंल्याउँदै ती समस्या समाधानका लागि कार्यान्वयनयोग्य व्यवहारिक सुझाव प्रस्तुत गर्नुहोस् । 4+6=10

### Section – B

4. नागरिक बडापत्र (Public Service Charter) को औचित्यमाथि प्रकाश पार्दै सेवा प्रवाहमा यसले पार्ने प्रभाव उल्लेख गर्नुहोस् । 5
5. सरकारी लेखा प्रणाली (Government Accounting System) का आधारभूत विशेषताहरु उल्लेख गर्दै नेपालको सरकारी लेखा प्रणालीमा देखिएका चुनौतीहरु उदाहरणसहित औंल्याउनुहोस् । 4+6=10
6. सार्वजनिक नीति (Public Policy) लाई परिभाषित गर्दै यसको भूमिकाबारे प्रकाश पार्नुहोस् । एउटा कार्यान्वयनयोग्य सार्वजनिक नीति कसरी तर्जुमा गर्न सकिएला ? चर्चा गर्नुहोस् । 2+2+6=10

### Section – C

7. सांस्कृतिक विविधता (Cultural Diversity) को परिचय दिँदै सुदृढ समाज निर्माणका लागि यसको परिचालन कसरी गर्न सकिन्छ ? लेख्नुहोस् । 5
8. सामाजिक न्याय र समानता (Social Justice and Equality) को परिचय गराउँदै नेपालले सामाजिक न्याय र समानता कायम गर्न अवलम्बन गरेका नीतिहरुका सम्बन्धमा वर्णन गर्नुहोस् । 4+6=10
9. नेपालको विकासमा बैदेशिक सहायताको महत्वपूर्ण भूमिका भए तापनि यसको परिचालन (Mobilization) संतोषजनक ढंगले हुन नसक्नुका कारणहरु उल्लेख गर्नुहोस् । साथै, बैदेशिक सहयोग परिचालन गर्ने क्षमता अभिबृद्धि गर्न नेपालले के कस्ता सुधारका उपायहरु अवलम्बन गर्नुपर्ला ? मौलिक प्रस्तुति दिनुहोस् । 5+5=10

### Section – D

10. नेपालमा विपद् व्यवस्थापन (Disaster Management) सम्बन्धमा भएका संस्थागत व्यवस्था र जोखिम न्यूनीकरणमा तिनको प्रभावकारिताबारे संक्षिप्त टिप्पणी गर्नुहोस् । 5
11. विकास प्रकृया (Development Process) मा Non-State Actors को भूमिकाबारे चर्चा गर्नुहोस् । सरकारले विकास प्रकृयामा Non-State Actors को थप सहभागिता बढाउन के कस्तो भूमिका खेल्नुपर्दछ ? स्पष्ट पार्नुहोस् । 5+5=10
12. नेपालमा प्रदुषण नियन्त्रण (Pollution Control) र फोहोरमैला व्यवस्थापन (Waste Management) को निमित्त अवलम्बन गरिएका नीतिगत एवं संरचनागत व्यवस्थाको प्रभावकारीताका बारेमा तर्कपूर्ण विवेचना प्रस्तुत गर्नुहोस् । 10

www.sarkarijagir.com
Govinda Giri